# नेपालः ग्रामीण लडाकु दस्ता गठन गर्ने खतराजनक योजना

## I. सारांश

नेपाल सरकार ग्रामीण स्वयंसेवक सुरक्षा समूह र शान्ति समिति नामक स्थानीय नागरिक लडाकू दस्ताहरूको गठन गरिरहेको छ जसले गर्दा माओवादी र सरकारबीचमा जारी रहेको युद्ध अझ चर्कने खतरा बढेको छ । यी नागरिक लडाकू दस्ताहरू अदक्ष, अनुत्तरदायी र अराजक सैन्य शक्तिका रूपमा बढ्न सक्ने खतरा छ जसबाट अहिलेसम्म नौ हजार मानिसहरूको ज्यान लिइसकेको युद्ध अझ विकराल बन्ने सम्भावना बढेको छ । सरकारको यो योजना विवादमा आएको छ । यो योजना अगाडि बढिरहेको प्रमाण फेला परे पनि हतियार वितरण गरिसकेको कुरा सरकारले अस्वीकार गरेको छ ।

सरकारले स्थानीय नागरिक लडाकू दस्ता गठन गर्ने यो योजना लागू गरेमा यसबाट देशमा गम्भीर तथा दीर्घकालीन खतरा उत्पन्न हुने सम्भावना देखिन्छ :

- लडाकू दस्ताको गठन भएमा नागरिकहरू सरकार र माओवादी समूहमध्ये कुनै एउटाको पक्ष लिन बाध्य हुन्छन् जुन कुरा अधिकांश मानिसहरू चाहँदैनन् किनभने यसो गर्दा उनीहरू दुवै पक्षको तारो बन्न पुग्छन् । यसका साथै यो योजनाले अझ बढी सामाजिक विभाजन ल्याएर दीर्घकालसम्म समाजलाई ध्वस्त बनाउने खतरासमेत छ ।

- यस्ता लडाकू दस्ताहरूले पर्याप्त तालिम नपाउन सक्छन्, उनीहरूमा सुझबुझको कमी हुन सक्छ र उनीहरूमाथिको नियन्त्रण सीमित हुन सक्छ । त्यसैले यसबाट मानवअधिकार उल्लङ्घनका घटनाहरू अझ बढ्नेछन् । हत्या, अपहरण र गैरकानुनी थुनछेकजस्ता मानवाधिकार उल्लङ्घनका घटना अहिले नै डरलाग्दो मात्रामा बढिरहेको नेपालमा यस्तो समस्या अझ जटिल बन्छ ।

- प्रहरी बललाई नै पर्याप्त तालिम र हतियार उपलब्ध गर्न नसकिएको अहिलेको अवस्थामा नागरिकहरूलाई हतियार दिने प्रयास प्रत्युत्पादक हुन सक्छ ।

- युद्ध समाप्त भइसकेको अवस्थामा यस्ता सैन्य दस्ताहरू निरस्त्र पार्न र विघटन गर्न अति कठिन हुन्छ । ग्वाटेमालामा यस्ता सैन्य दस्ताहरू आठ वर्षअघि विघटन गरिएको भए तापनि अझसम्म धेरै समूहहरू अपराधिक कार्यमा क्रियाशील छन् ।

- सैन्य दस्ताहरू आतङ्ककारी बन्न सक्छन् । अल कायदा, इन्डोनेसियाको जेमाह इस्लामिया, टर्कीको हिजबुल्लालगायत धेरै आतङ्ककारी सन्जालहरूको जन्म सरकारसँग सम्बन्धित सैन्य दस्ताहरू र भूमिगत समूहहरूबाट भएको हो । जटिल सामाजिक र जनजातीय परिस्थिति भएको नेपालजस्तो देशमा नयाँ सशस्त्र दस्ता गठन गर्ने काम गलत सुझावमा आधारित छ ।

स्थानीय नागरिकहरूलाई हतियार बाँडिएको एउटा गाउँ सुदामामा माओवादीको ठूलो जत्थाले ४ फेब्रुअरी २००४ मा आक्रमण गर्‍यो । इन्टरन्यासनल क्राइसिस ग्रुपले यो सूचना सामाग्री तयार पार्ने क्रममा उक्त गाउँको भ्रमण गरेको थियो जसबाट प्राप्त विवरण तल दिइएको छ । सो आक्रमणमा कोही पनि हताहत भएन । सरकारले लडाकू दस्ता तयार गर्ने नमुना गाउँका रूपमा सुदामा गाउँलाई प्रयोग गरेकाले नै माओवादीले सो गाउँमा आक्रमण गरेको जस्तो देखिन्छ । यसबाट के देखिन्छ भने नागरिकहरूलाई सशस्त्र बनाउँदा हिंसा अझ भड्किन्छ ।

## II. पृष्ठभूमि

फेब्रुअरी १९९६ देखि छापामार विद्रोह सञ्चालन गर्दै आएको माओवादी समूह र सुरक्षा फौजबीचमा जारी रहेको यो युद्ध अझ हिंसात्मक बन्दै गएको छ । अगस्ट २००३ मा माओवादीहरूले सात महिना लामो युद्धविराम भङ्ग गरेपछि हत्याका घटना तीव्र गतिमा वृद्धि भएका छन् । अधिकांश मानिसहरू सुरक्षा फौज विशेष गरी शाही नेपाली सेनाबाट मारिएका छन् ।[1]

---

[1] अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आंकडा अनुसार १९९६ देखि २००४ जनवरी सम्ममा मारिनेहरूको संख्या ८,८२६ पुगेको छ । १५ जनवरी २००४ मा आयोजित पत्रकार सम्मेलनमा शाही नेपाली सेनाका प्रवक्ता कर्णेल दीपक गुरूङले २७ अगस्ट २००३ मा युद्धविराम भङ्ग भए यता १,४०० माओवादी, १७७ प्रहरी र १११ जना सेना मारिएको कुरा बताउनुभएको थियो । यी आंकडाले बितेका केही महिनामा हिंसा अझ बढी मात्रामा भड्केको देखाएका छन् । माओवादी विद्रोह शुरू भएदेखि २००२ अक्टोबर १४ मा भएको राजदरबार हत्याकाण्डसम्ममा नेपालमा राज्य र माओवादी तर्फबाट दैनिक सरदर २.४३ जना, ४ अक्टोबर २००२ देखि ३० जनवरी

हाल देशमा भइरहेको यो द्वन्द्वको अवस्था निकै समयअगाडि नै सिर्जना भएको हो । राजनैतिक, आर्थिक, सामाजिक समस्याहरूको जटिल मिश्रण भएका कारण नै यो अवस्था उत्पन्न भएको हो । गरिबी, कमजोर सरकार, दलित र जनजातिका समस्याहरू समाधान गर्ने पर्याप्त प्रयासको अभाव, निरङ्कुशतन्त्रबाट प्रजातन्त्रतर्फको सङ्क्रमण राम्रोसँग नहुनु र राजनैतिक अस्थिरताजस्ता समस्याहरू एकैचोटि उत्पन्न भएका कारण नै माओवादीहरूले फस्टाउने मौका पाएका हुन् ।[2] सरकार र माअेवादी दुवै पक्षबाट घोर हिंसाका घटना भएका छन् । देशभरि नै मानवअधिकार हनन गरिएका घटनाहरू व्याप्त छन् । द्वन्द्वबाट बढ्दो रूपमा सर्वसाधारण नागरिकहरू बढी पीडित भइरहेका छन् ।

पछिल्ला महिनाहरूमा राजनैतिक अवस्था अति अस्थिर देखिएको छ । विद्यार्थीहरूले दृढ रूपमा सञ्चालन गरेको विरोध आन्दोलन अहिलेको सबैभन्दा टड्कारो आन्दोलन बनेको छ । यो आन्दोलन देशका प्रमुख शहरहरूमा सल्किरहेको छ । काठमाडौँमा विद्यार्थीहरूको विरोध कार्यक्रम सामान्य घटना भएको छ । यस क्रममा विद्यार्थी र सुरक्षाकर्मीबीच गम्भीर झडप भएका छन् । सञ्चारमाध्यमहरूले विद्यार्थी आन्दोलनलाई नजिकबाट नियालिरहेका छन् । नेपालको राजनैतिक समस्या तत्काल समाधान हुने सम्भावना देखिएको छैन । अधिकांश राजनैतिक विश्लेषकहरूका अनुसार बन्दुकको बलका भरमा न त माओवादी समूहले न सरकारले जित्न सक्छ ।

## III. लडाकू दस्ताको गठन

प्रधानमन्त्री सूर्यबहादुर थापाले नोभेम्बर २००३ मा 'माओवादीविरुद्ध लड्न' नागरिकहरूलाई हतियार उपलब्ध गराउने योजनाको घोषणा गर्नुभएको थियो ।[3] यो योजनालाई सुरक्षासँग सम्बन्धित सबै निकायहरू समावेश भएको र विशेष अधिकार प्रदान गरिएको युनिफाइड कमाण्डको एक अङ्गका रूपमा समावेश गरियो । इन्टरन्यासनल क्राइसिस ग्रुपलाई सैनिक स्रोतहरूले बताएअनुसार, सबैभन्दा पहिले भूतपूर्व सैनिक र तिनका परिवारलाई हतियार वितरण गरिनेछ र यो अनुभवलाई क्रमैसँग बाँकी जनतामा विस्तार गर्दै लगिनेछ ।

यो निर्णय माओवादीले युद्ध चर्काएपछि गरिएको हो । अक्टोबर २००३ मा आइसीजीले छापामारहरूले पूर्वी नेपाल र तराईमा मानिसहरूलाई आफ्नो सेनामा भर्ती गर्ने काम विस्तार गरेको कुरा उल्लेख गरेको थियो ।[4] अहिलेसम्म माओवादी र सरकार कसैले पनि आफ्नो क्षेत्रको रक्षा गर्न सकेको छैन । देशको ठूलो भूभाग ओगट्ने ग्रामीण क्षेत्रमा एक पक्ष अनुपस्थित हुँदा अर्को पक्षको प्रभुत्व देखिएको छ । अर्कातिर सरकारले देशका कुनाकाप्चामा फैलेका सुरक्षा निकायहरूलाई त्यहाँबाट उठाएर हरेक जिल्लामा एउटा अथवा दुईओटा ठाउँमा बलियो शक्ति स्थापना गर्ने केन्द्रिकृत कमाण्ड अवधारणा अपनाएको छ ।

काठमाडौँबाट करिब १२५ किलोमिटर टाढा रहेको पूर्वी तराईको सर्लाही जिल्लाको सुदामा भन्ने गाउँमा डिसेम्बर २००३ सम्ममा शाही नेपाली सेनाका हतियारहरू वितरण गरियो । करिब पाँच हजार जना मानिसहरूको बसोबास भएको यो गाउँ भारतको बिहार राज्यसँग जोडिएको सिमानाबाट चार किलोमिटर मात्र उत्तरमा अवस्थित छ । माथिल्लो जाति मानिने राजपुतहरू र मधेसी ब्राह्मणहरूका साथै दलितहरूको बहुलता रहेको यो गाउँलाई तराईको प्रतिनिधि गाउँ मान्न सकिन्छ । यहाँ भूतपूर्व प्रहरी र जागिरेहरू ठूलो सङ्ख्यामा बसोबास गर्ने भएकाले सरकारले यसलाई लडाकू दस्ता निर्माण गर्नका लागि अगुवा गाउँ बनाउन रोज्यो । सन् २००३ मा एक जना स्थानीय नेताका छोरालाई अपहरण गर्ने माओवादी प्रयास विफल पारेकाले यो गाउँ चर्चामा आएको थियो ।

अक्टोबर २००३ मा शाही सेनाका पूर्वी पृतनापतिको उपस्थितिमा १० जना गाउँलेलाई ट्वेल-बोर सटगन र २० राउन्ड गोली वितरण गरिएको थियो ।[5] नजिकैको प्रहरीचौकीमा १७ जना गाउँलेहरूलाई सेनाले एकहप्ते तालिम दियो । राति गाउँको पहरा गर्नका लागि तीनओटा समूहहरू बनाइए जसमा एक जना तालिमप्राप्त हतियारधारी समावेश हुनुपर्ने व्यवस्था गरियो ।

तर अहिले गाउँमा बन्दुक राख्दा माओवादीहरूको आक्रमण हुने डर बढेको छ । माओवादीहरूले बारम्बार हतियार लुट्नाका लागि शाही सेना र प्रहरीहरूमाथि आक्रमण गर्दै आएका छन् । त्यसैले, गाउँलेहरू गाउँमा बन्दुक राख्नाले माओवादीहरूको निसाना आफूतिर सोझिएको विश्वास गर्छन् । "हाम्रो सुरक्षाका लागि सुरक्षा निकायले गाउँमा सुरक्षाचौकी स्थापना गरेको भए राम्रो हुने थियो", एक जना गाउँका नेता भन्नुहुन्छ ।[6] सरकारले सुदामा गाउँबाट हतियार फिर्ता लगेको बताएको छ । तर शाही सेनाका एक जना उच्च अधिकारीले बिहान भएपछि हतियार गाउँबाट फिर्ता लगिने र राति वितरण गरिने गरेको बताएका छन् । सुदामामा हालसालै गरिएको अनुसन्धानले गाउँमा हतियार लिनेदिने भइरहेको देखाएको छ ।

फेब्रुअरी ४, २००४ मा ६०/७० जना माओवादीहरूले गाविसका पूर्वअध्यक्षको घरलाई लक्षित गर्दै सुदामा गाउँमा आक्रमण गरे । गाउँलेले प्रत्याक्रमण गरे । एक घण्टापछि उनीहरूलाई सहयोग गर्न शाही सेना आइपुग्यो । शाही नेपाली सेनाका प्रवक्ताले यो आक्रमणले गाउँलेहरूलाई हतियार दिएमा

---

२००४ सम्म दैनिक सरदर ६.३८ जना र २८ अगस्टमा युद्धविराम भङ्ग भएयता दैनिक सरदर १२.२० जना मानिसहरू मारिएको कुरा इन्सेकको तथ्यांकले देखाएको छ । पछिल्लो अवधिमा राज्यबाट १,३४० र माओवादीबाट ५१५ जना मानिस मारिएका थिए ।

[2] हेर्नुहोस् आइसीजी एसिया रिपोर्ट नं. ५०. Nepal Backgrounder: Ceasefire or Strategic Pause?, १० अप्रिल २००३ ।

[3] प्रधानमन्त्री थापाले यो योजनालाई ४ नोभेम्बर २००३ मा काठमाण्डौमा आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक गर्नुभएको थियो ।

[4] हेर्नुहोस् आइसीजी एसिया ब्रिफिङ, *Nepal: Back to the Gun,* २२ अक्टोबर २००३ ।

[5] आइसीजी अर्न्तवार्ता, सुदामा २७ अक्टोबर २००३ ।

[6] आइसीजी अर्न्तवार्ता, सुदामा २७ अक्टोबर २००३ ।

उनीहरूले माओवादी आक्रमणलाई सशक्त रूपमा प्रतिकार गर्न सक्छन् भन्ने कुरा देखाउँछ भन्ने तर्क दिएका छन् ।[7] तर उनले गाउँलेहरूलाई कति हतियार वितरण गरियो तथा गाउँलेहरूलाई सशस्त्र बनाउने सम्बन्धमा शाही सेनाले सरकारबाट स्पष्ट आदेश पाएको छ वा छैन भन्ने सम्बन्धमा सोधिएको प्रश्नको उत्तर दिन भने चाहेनन् ।

शाही सेनाले गिरफ्तार गरेका र माओवादी समूह त्याग गरेका व्यक्तिहरू सम्मिलित फरक प्रकारका सैनिक दस्ता गठन गर्ने कुरातिर भने सञ्चारमाध्यमको त्यति ध्यान गएको छैन् । तर प्राप्त रिपोर्टका अनुसार शाही सेनाका कमाण्डरले कम्तीमा ३९ जना पूर्व माओवादीहरूलाई उनीहरूका पूर्वकमरेडहरूसँग लड्नका लागि 'गाउँ सुरक्षा बल' मा सम्मिलित गरेका छन् ।[8] सैनिक सूत्रले लडाकू दस्ताहरू पनि निरस्त्र भएको बताएको छ ।

जनताले सरकारको विरोध गर्नु र माओवादीहरूको समर्थन गर्नुको मुख्य कारण शाही नेपाली सेनाले जथाभाबी रूपमा हिंसा फैलाउनु हो ।[9] सरकार आफनो आधिकारिक बलमाथि नियन्त्रण गर्न अक्षम रहेको अवस्थामा अनौपचारिक बलमाथि नियन्त्रण कायम राख्न सक्छ भन्ने आशा गर्नु व्यर्थ छ । त्यसैले यस्ता दस्ताहरू अपराधिक समूहमा परिवर्तन हुन सक्ने ठूलो खतरा देखा परेको छ ।[10] मानवअधिकारको तीव्र उल्लङ्घन भएमा नेपालको ४० प्रतिशत राष्ट्रिय बजेटको विदेशी सहयोगको स्रोत घट्ने ज्यादै ठूलो सम्भावना छ ।

धेरै मानिसहरूलाई लडाकू दस्तामा भर्ना गर्ने हो भने माओवादी विद्रोहबाट कमजोर भइसकेको तथा श्रममा निर्भर ग्रामीण अर्थतन्त्रमा नराम्रो असर पर्छ । अर्कातिर यसबाट युद्ध अझ चर्किने भएकाले काठमाडौं र सीमापारि भारततर्फ शरणार्थीहरूको ओइरो लाग्न सक्छ ।[11]

नागरिकहरूलाई हतियार बाँड्नाले जातीय द्वन्द्वको छाया अझ चर्कने सम्भावना छ । अधिकांश गाउँहरूमा सरकारको उपस्थिति नै नरहेको अथवा हालसालै सरकारले आफ्नो नियन्त्रण छोडेका अवस्थामा मुद्दा सल्टाउने संयन्त्रको अभाव छ । थोरै मानिसहरू मात्र अदालत जान सक्छन् । अधिकांश मानिसहरू अदालत भ्रष्ट भएको विश्वास गर्छन् । शान्तिपूर्ण रूपले द्वन्द्व समाधान गर्ने संयन्त्रको अभाव भएको अवस्थामा नयाँ हिंस्रक शक्तिको उदय हुने हो भने पानी, जग्गाजमिनका साथै जाति तथा जनजातीय आधारमा गाउँमा नियमित रूपमा हुने झैझगडामा गाउँलेहरूले यी हतियारहरू एकअर्कामाथि आक्रमण गर्न प्रयोग गर्न पनि सक्छन् ।[12]

## IV. सरकारी तर्कहरू

माथि उल्लिखित धेरै कारणहरू बताउँदै नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) का नेताहरूले लडाकू दस्तासम्बन्धी योजना तुरुन्तै फिर्ता लिन सरकारसँग आह्वान गरेका छन् ।[13] केही दातृ संस्थाका सदस्यहरूले व्यक्तिगत रूपमा यो योजनाप्रति शङ्का व्यक्त गरेका छन् । यस विषयमा राजाको विचार बाहिर आएको छैन तर थापा सरकारले आलोचकहरूलाई यो योजना योजना निर्माणको चरणमा मात्र रहेको अथवा कार्यान्वयन भइरहेको भए तापनि हतियार वितरण नगरिएको आश्वासन दिएका छन् ।

प्रस्तावित कार्यक्रम कार्यान्वयन सम्बन्धमा विचार गर्न सरकारले एउटा समिति गठन गरेको थियो । सो समितिले प्रधानमन्त्री सूर्यबहादुर थापालाई आफ्नो प्रतिवेदन बुझाइसकेको छ । न त त्यो प्रतिवेदन प्रकाशित गरिएको छ न लडाकू दस्ता गठन सम्बन्धमा सरकारी नीतिबारेमा सरकारले सार्वजनिक जानकारी नै दिएको छ । सो योजना चुपचाप फिर्ता लिन सकिने सुझाव दिइएको भए पनि केही मन्त्रीहरूले यो योजना लागू भइसकेको कुरा अनौपचारिक रूपमा बताएका छन् ।[14]

यो योजनाको औचित्य पुष्टि गर्नका लागि सरकारी अधिकारीहरूले ग्वाटेमाला, पेरु र भारतले यस्तै लडाकू दस्ताको प्रयोग गरेर विद्रोह दबाएको दाबी गरेका छन् । ती देशका छापामार दस्ताहरूको मूल्याङ्कन गर्ने हो भने अराजक लडाकू दस्ताका कारण थुप्रै समस्या उत्पन्न भएको देख्न सकिन्छ ।

### A. ग्वाटेमाला

नागरिक स्वयंसेवी सुरक्षा समिति अथवा नागरिक सुरक्षा दलहरू ग्वाटेमालामा सन् १९८० देखि १९९० सम्म लम्बिएको सङ्घर्षको एक हिस्सा थिए ।[15] यस्ता समितिहरू जनरल रियोस मोन्टले १९८२ मा सत्ता पलट गरेपछि ग्वाटेमालामा फैलेका थिए । स्थानीय सुरक्षा सेवाका नाममा गाउँका आदिवासी पुरुषहरूलाई सम्मिलित गरेर यस्ता दस्ताहरू गठन पारिन्थे ।

---

[7] आइसीजी अर्न्तवार्ता, काठमाडौं, ५ फेब्रुअरी २००४ ।

[8] आत्मसमर्पण गरेका माओवादीहरू गाउँ सुरक्षा दस्तामा भर्ना, *राजधानी,* २० डिसेम्बर २००३

[9] हेर्नुहोस् आइसीजी एसिया रिपोर्ट नं. ५०. *Nepal Backgrounder: Ceasefire--Soft Landing or Strategix Pause?,* 10 April 2003.

10 अक्टोबर २००३ मा आइसीजीले नेपालमा गैरसरकारी संस्थाहरूलाई राजनीतिक कारणले होइन उनीहरूबाट पैसा असुल्नका लागि दुःख दिने लगायत हिंसाका घटना बढिरहेको कुरा उल्लेख गरेको थियो । थप जानकारीका लागि हेर्नुहोस, आइसीजीको माथि उल्लिखित सूचना सामग्री *Nepal: Back to The Gun* ।

[11] उही ।

[12] नेपालको जनजातीय, धार्मिक र सांस्कृतिक विभाजन सम्बन्धी थप जानकारीका लागि आइसीजी एसिया रिपोर्ट नं.५७, *Nepal: Obstacles to Peace,* 17 June 2003 १७ जुन २००३ हेर्नुहोला । यसमा नेपालका ६० भन्दा बढी जात र जनजातिहरूले आफनो धार्मिक र सांस्कृतिक चिनारी कायम राख्न र अल्पसंख्यामा रहेका बाहुन-क्षत्री र नेवार समूदायले भोगिरहेका असमानुपातिक अधिकारका विरुद्धमा चलाएका आक्रामक आन्दोलनका बारेमा विवरण दिइएको छ ।

[13] *कान्तिपुर,* ३ जनवरी २००४ ।

[14] आइसीजी अर्न्तवार्ता, काठमाडौं, ९ नोभेम्बर २००३ ।

[15] Patrullas de autodefensa civil or comites voluntaries de autodefensa.

उग्र र सशस्त्र भएकाले यिनीहरूले एक दशकसम्म सम्पूर्ण देशभर असुरक्षा फैलाए ।[16] देशमा भएका हत्या, हिंसा तथा अत्याचारको प्रत्यक्ष आरोप लागेका यी दस्ताहरूले आइमाई, बच्चा तथा वृद्धहरूको हत्या, अपहरण, बलात्कार, धम्की, अवैध रकम सङ्कलन र डकैती गर्ने गर्दथे ।[17] राष्ट्रको कानुन व्यवस्थाले ती लुटेराहरूलाई रोक्न सकेन किनभने यिनको सृष्टिकर्ता र पालनकर्ताको काम देशको सुरक्षा बलले गरेको थियो ।[18]

यी नागरिक दस्ताहरूमाथि ग्वाटेमालाका आदिवासीहरूको सामाजिक संरचना बिगारेको आरोप पनि लाग्ने गरेको छ । यिनीहरूमाथि गाउँलेहरूलाई एकअर्कामाथि जासुसी गर्न लगाएको, शान्तिपूर्वक जीवनयापन गरिरहेका सजातीयहरूका बीचमा अविश्वासको वातावरण सिर्जना गरेको, आदिवासीहरूप्रति विभेद गरेको, मानिसहरूलाई उत्पादनशील कामबाट छुटाएर लडाकू दस्तामा सामेल गरेर आर्थिक अवनति गराएको जस्ता आरोपहरू पनि लागेका छन् । नागरिक जत्थामा अधिकांश बल सैनिकहरू रहने गर्दथे किनभने घरमूलीले त्यस्ता जत्थामा आफू जानुका सट्टा केटाकेटीहरूलाई पठाउने गर्दथे ।[19]

यी समूहहरू दीर्घकालीन समस्या बनेको कुरा प्रमाणित भइसकेको छ । यस्ता समितिमाथि औपचारिक रूपमा प्रतिबन्ध लागेको आठ वर्षपछि अक्टोबर २००३ मा यी जत्थाका भूतपूर्व सदस्यहरूले आफूहरूले सन् १९८० को दशकमा गरेको कामको तलबको माग गर्दै मानिसहरूलाई बन्दक राखेका थिए ।[20] ग्वाटेमाला सरकारले यस्ता संस्थाहरूको पुनर्जन्मबाट हुने खतराको अन्त्य गर्नाका लागि एउटा आयोग *कमिसन अन इल्लिगल ग्रुप्स र क्ल्यान्डेस्टाइन सेक्युरिटी अर्गनाइजेसन इन ग्वाटेमाला*को स्थापना गर्ने काममा सहयोग गर्न गरेको अनुरोधलाई राष्ट्रसङ्घले स्वीकार गऱ्यो ।[21]

## B. पेरु

१९८० को दशकको अन्त्यतिर र ९० को दशकको सुरुतिर पेरुमा आतङ्कवाद, विशेष गरेर साइनिङ पाथ र लागू औषध ओसारपसारबाट जोगिनका लागि ४,७३२ ओटा सुरक्षा दस्ताहरू गठन गरिएका थिए । सेना र सुरक्षा फौजहरूद्वारा हतियार प्रदान गरिएका र उनीहरूको नियन्त्रणमा रहेका यस्ता सङ्गठनहरू सन् १९९३ सम्ममा देशको लगभग सम्पूर्ण युद्धग्रस्त क्षेत्रमा सक्रिय थिए ।[22] साइनिङ पाथसँग आबद्ध भएको भनी कुनै ठोस प्रमाणबिना नै शङ्काको भरमा किसान र निहत्था नागरिकहरूको बारम्बार हत्या गर्ने यी दस्ताहरू पूर्ण रूपमा दण्डहीनताको स्थितिमा कार्यरत थिए । उनीहरू गैरकानुनी आमहत्याका धेरै घटनासँग पनि सम्बद्ध थिए ।[23]

ती समितिहरूका बारेमा गरिएका विभिन्न अध्ययनहरूले पेरुमा भएका हिंसाका घटनामा उनीहरूको पनि संलग्नता भएको ठहर गरेका छन् यद्यपि सुरुमा उनीहरूको उद्देश्य साइनिङ पाथको प्रतिकार गर्नु मात्र थियो ।[24] पेरुको सेनाले दक्षिणी पुनो क्षेत्रको एन्डिएन र कुज्को क्षेत्रको प्रोभिन्सियास अल्टासमा छापामारहरूविरुद्ध बढी सफलता हासिल गरेको थियो । यस्तो विजयको श्रेय सैनिकहरूले नागरिकहरूलाई साइनिङ पाथमा लागेको शङ्कामा कारबाही गर्नुका सट्टा उनीहरूको रक्षा गर्ने रणनीतिलाई जान्छ । ती क्षेत्रमा आत्मरक्षक जत्थाहरू थिएनन् । यस्ता नागरिक सुरक्षा जत्थाहरू भएका उत्तरी क्षेत्र अपुरिम्याक र याकुचोमा भने हिंसा धेरै वर्षसम्म लम्बिएको थियो ।

## C. भारत

जम्मु र कश्मीरमा सन् १९९८ ताका गठन भएयता ग्राम रक्षक समितिहरूले सुरक्षा फौजलाई सघाउन महत्वपूर्ण भूमिका खेलेका छन् ।[25] यो कार्यक्रम पर्याप्त सैनिक र बन्दोबस्ती सामग्री सहायता नभएका आत्मरक्षक लडाकू दस्ताहरूबाट नागरिकहरूमाथि उत्पन्न हुने खतराको राम्रो उदाहरण हो । कमजोर आत्मरक्षक दस्ता भएका गाउँहरू विद्रोहीहरूको निसाना बने जसको परिणामस्वरूप धेरै निहत्था नागरिकको ज्यान गयो ।[26] त्यहाँको स्थिति भयाबह हुनुको कारण के थियो भने यस्ता लडाकू दस्ताहरूलाई आधुनिक हातहतियार दिइएको थिएन ।

---

[16] "Fourth Report on the Situation of Human Rights in Guatemala", Inter-American Commission on Human Rights, 1993, chapter vi. para 1. यसको पूर्ण पाठका लागि हेर्नुहोस- www.cidh.oas.org/countryrep/Guatemala93eng/chapter6.htm.

[17] Report of the United Nations Secretary General on Civil Defence Forces", submitted to the Commission on Human Rights. Fiftieth Session.Item 11(a), para.14.

[18] Written statement submitted by human rights advocates to the Commission on Human Rights, Fiftieth Session, Agenda item 11, "Relationship between civil defence forces and human rights violations-the situation in Guatemala", para.11.

[19] उही, अनुच्छेद. 9, 12, 13, 14, 15,

[20] Cuatro Periodistas de Prensa Libre rehences de ex PAC demandan pago del Gobierno", Pernsalibre.com. 27 October 2003.

[21] ७ जनवरी २००४ मा राष्ट्रसंघ र ग्वाटेमाला सरकारबीच सम्पन्न सम्झौता "Agreement Between the United Nations and the Government of Guatemala for the Establishment of a Commission for the Investigation of Illegal Groups and Clandestine Security Organizations in Guatemala (CICIACS)", पूर्ण पाठका लागि हेर्नुहोस् www.un.org/News/dh/guatemala/ciciacs-eng.pdf.

[22] "Report of the Special Rapporteur on Extrajudicial, Summary or Arbitrary Executions Following his Mission to Peru", 1993.

[23] "Report of the United Nations Secretary General", op. cit.

[24] "Report on the Situation of Human Rights in Peru", Inter-American Commission on Human Rights, 1993.

[25] "J&K Gov't Creates 42 New Village Defence Committees", *The Statesman* (India), 6 October 1998.

[26] "Militants Kill 19 in Doda, Poonch", *The Statesman* (India), 21 July 1999; "Eight Members of Village Defence Force Killed By Militants", BBC Monitoring, 2 August 2000; "Kashmir Militants Kill Five Village Defence Committee Members", BBC Monitoring, 7 January 2002.

उनीहरू भारतीय सैनिकहरूले फालेका थ्रि नट थ्रि राइफलको भर परेकाले गाउँको शान्तिसुरक्षा झन् विकराल बन्यो ।[27]

जम्मु र कश्मीरमा सन् १९९० को मध्यतिरदेखि भारतीय सुरक्षा सेनाद्वारा एकअर्को किसिमको लडाकू दस्ताको प्रयोग भएको छ । आत्मसमर्पण गरेका र समातिएका विद्रोहीहरूलाई राज्यद्वारा प्रायोजित प्रतिविद्रोही शक्तिका रूपमा परिचालन गरिएको छ । यसरी परिचालित सबैभन्दा चर्चित जत्था इकवाल-उल मुस्लिमुन (मुस्लिम भाइचारा) थियो । अनौपचारिक जत्था भएकाले उनीहरू जस्तोसुकै पाशविक कार्य गर्न सक्थे जुन काममा राज्य संलग्न हुन चाहँदैनथ्यो । उनीहरूले गरेका मानवअधिकारका घोर उल्लङ्घनहरूमा मृत्युदण्ड, अपहरण, पीडा दिने र अवैद्य रूपमा बन्दी बनाउनेजस्ता कार्यहरू पर्दछन् ।[28]

भारत सरकारले पन्जाबमा पनि १९८६-१९९६ ताका खालिस्तान पृथकतावादीहरूविरुद्ध यस्तै खालका लडाकूहरूको प्रयोग गरेको थियो ।[29] यो कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएका पन्जाब पुलिसका भूतपूर्व निर्देशक जनरल जुलियो रिबेरोले यस्ता उपायहरू प्रभावकारी नहुने कुरा बताउनुभएको छ । उहाँ भन्नुहुन्छ :

> लडाकूहरूले यति धेरै माग गर्न थाले कि हामीसँग भएको स्रोतबाट उनीहरूलाई सन्तुष्ट पार्न असम्भव थियो । उनीहरू आपराधिक प्रवृत्तिका लोभी मानिस थिए । उनीहरूले ऐनकानुनको पालना गरिरहेका धनी नागरिकहरूलाई सिकार बनाउन थाले । उनीहरू के सोच्दथे भने पुलिसलाई उनीहरूले सघाएका हुनाले पुलिसले पनि उनीहरूलाई त्यस्ता काम गर्नबाट रोक्न चेष्टा गर्दैनन् ।[30]

भारतीय पुलिसका अर्का उच्च अधिकारीका अनुसार यस्ता लडाकू जत्थाहरूको कडा सुपरीवेक्षण नगरिएमा र राजनैतिक रणनीति पनि समानान्तर रूपले अगाडि नबढेमा यस्तो रणनीतिले काम गर्दैन् ।[31] उहाँ भारतीय गाउँले लडाकू दस्ताहरू पुलिसको विकल्पका रूपमा खडा नगरिएको बरु तिनीहरूलाई बलियो पुलिसचौकी र पुलिसहरूको उपस्थितिमा काम लगाउने रणनीति लिइएको थियो भन्नुहुन्छ । नेपालमा लडाकू दस्ता गठनसँगै विस्थापित भएका पुलिसचौकीहरूको पुर्नस्थापना गर्ने वा सुरक्षा शक्तिको उपस्थिति बढाउने कुनै रणनीति देखिएको छैन ।

### D. अन्यत्रका उदाहरण

अनियन्त्रित र अनुत्तरदायी नागरिक दस्ताले एकातिर गृहयुद्धलाई अझ भड्काएका छन् भने अर्कोतिर शान्ति स्थापना गर्ने कार्यमा ढिलाइ गरिदिएका छन् । अझ केही यस्ता दस्ताहरू त आतङ्कवादी समूहका रूपमा परिवर्तित भएर झन् जटिल समस्या उत्पन्न गर्ने गरेका छन् । जाकर्तामा कम्युनिस्टहरूका विरुद्ध लड्नका लागि सुहार्तो सरकारको समर्थन प्राप्त आन्दोलनलगायत मुस्लिम आन्दोलनहरूबाट जिमाह इस्लामियाको जन्म भएको थियो ।[32] अन्काराले कुर्दिस पिकेकेविरुद्ध लड्न प्रयोग गरेको तुर्किस हिजबुल्लाह समूह इस्तानबुलमा हालसालै ब्रिटिस र यहुदी ठेगानामाथि गरिएका बम विस्फोटनसँग सम्बद्ध रहेको पाइएको छ ।[33] अल कायदा आफै पनि अन्तर्राष्ट्रिय मुजाहिद्दिन समूहबाट जन्मिएको हो जसलाई पश्चिमी र अरब राष्ट्रहरूले अफगानिस्तानमा रहेको सोभियत सेना र सोभियत समर्थित अफगान सरकारका विरुद्धमा प्रयोग गरेका थिए । एकपल्ट उम्रिसकेपछि यस्ता सङ्गठनहरूलाई नियन्त्रण गर्न साह्रै कठिन हुने कुरा अन्तर्राष्ट्रिय अनुभवहरूले प्रमाणित गरिसकेका छन् ।

## V. प्रतिक्रियाहरू

इलाम जिल्लाको चुलाचुली गाविसमा शाही नेपाली सेनाले लडाकू समूह गठन गर्न सहयोग पुऱ्याएको समाचारप्रति कटु प्रतिक्रिया जनाउँदै नेपालको सबैभन्दा बढी बिक्री हुने दैनिक पत्रिका *कान्तिपुर*ले २४ डिसेम्बर २००३ मा कडा सम्पादकीय छापेको थियो :

> आत्मरक्षा गर्नु राम्रो कुरा पनि हो । तर सशस्त्र विद्रोह गरिरहेका माओवादीहरूसँग जुध्न सर्वसाधारणलाई हतियार वितरण गर्दा त्यसबाट पर्ने प्रभावहरू समयमै अनुमान गर्न सकियो भने क्षतिबाट जोगिन सकिनेछ । अहिले हतियार बाँडेर पछि पछुताउनुभन्दा त्यसले पार्ने असरबारे अहिले नै सचेत भएर कदम चाल्न सक्नुपर्छ । गाउँ-नगर सुरक्षा बल मानवअधिकारवादी सङ्घ-संस्थाहरूले भनेझैँ नै हो भने जनतालाई सशस्त्र बनाउने अभियान सरकारले अहिले नै रोक्नुपर्छ ।

कान्तिपुरको सम्पादकीयले निकालेको निम्न निचोडप्रति कुनै सन्देह छैन :

---

[27] "Ultras' Guns for Village Guards", *The Statesman* (India), 7 August 1999.

[28] "Behind the Kashmir Conflict: Abuses by Indian Security Forces and Militant Groups Continue", Human Rights Watch, 1999, available at www.hrw.org/reports/1999/Kashmir/militias.htm.

[29] R. Narayan Kumar and A. Singh, "Reduced to Ashes: The Insurgency and Human Rights in Punjab", South Asia Forum for Human Rights, Kathmandu, 2003, p. 105. Full report available at www. punjabjustice.org

[30] J. Ribeiro, *Bullet for Bullet: My Life as a Police Officer* (Penguin Books, 1998), p. 349.

[31] आइसीजी अर्न्तवार्ता, के.पी.एस. गिल, भूपू प्रमुख, पञ्जाव प्रहरी, १६ डिसेम्बर, २००३ ।

[32] हेर्नुहोस् आइसीजी एसिया रिपोर्ट नं. ४३. *Indonesia Backgrounder: How The Jemaah Islamiyah Terrorist Network Operates*, ११ डिसेम्बर २००२, आइसीजी एसिया रिपोर्ट नं. ६३, *Jemaah Islamiyah in South East Asia: Damaged but Still Dangerous*, अगस्ट २००३.

[33] "Istanbul bombing suspects handed over to terror court", *The Independent*, २५ नोभेम्बर २००३.

> तालिम लिएको व्यक्ति त बन्दुक हात परेपछि साँढे बन्छ भने बेरोजगार, निराश, त्रसित र रुष्ट गाउँलेचाहिँ हतियार हात परेपछि अनुशासित रहने अपेक्षा कसरी गर्ने ? यसले समाजलाई अपराधतर्फ प्रेरित गर्दै लग्नेछ भने हतियारविहीन निर्दोषले सधैं त्रासमा जिउनुपर्नेछ ।

लडाकू दस्ता गठन गर्ने योजना कार्यान्वयन सम्बन्धमा काठमाडौँमा थोरै मात्र जानकारी पाइएको भए पनि धेरै दातृ संस्थाहरूले यस विषयमा चासो देखाएका छन् । "हामी गाउँलेहरूलाई हतियार दिने कामको विरोध गर्छौं । तर यो योजना वास्तवमै कार्यान्वयन गरिएको छ कि छैन भन्ने कुरा हामीलाई राम्रोसँग थाहा छैन", काठमाडौँमा बस्ने एक जना युरोपेली कुटनीतिज्ञले आइसीजीलाई बताए ।

काठमाडौँस्थित अमेरिकी राजदूतावासले प्रकाशित गरेको आधिकारिक वक्तव्यमा भनिएको छ :

> ग्रामीण सुरक्षा दस्तासम्बन्धी अवधारणालाई अमेरिकी नियोगले नैतिक तथा भौतिक कुनै पनि किसिमको सहयोग गरेको छैन । यो योजना सम्बन्धमा हामीले सीमित र विरोधाभासपूर्ण जानकारी मात्र पाएका छौं । नेपाल सरकारले यो योजना लागू गर्ने अन्तिम निर्णय गरी नसकेकाले यसो भएको हुन सक्छ । विश्वका हरेक नागरिकलाई आफ्नो सुरक्षा गर्ने अधिकार छ तर सरकारले यस्तो अवधारणा अघि बढाउँदा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्नुपर्छ, मानवअधिकारको सम्मान गर्नुपर्छ, यस्ता दस्ताहरू सुसङ्गठित हुनुपर्छ र उनीहरूलाई उपयुक्त तालिम दिइनुपर्छ ।[34]

ग्रामीण सुरक्षा बलका विषयमा भएका सरकारी प्रस्तावबाट दाता समूहका अधिकारीहरू चिन्तित भएका छन् । सरकारले यी लडाकू दस्ताहरूका बारेमा दिएका विरोधाभासपूर्ण वक्तव्यबाट सरकार अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मापदण्डभित्रै रहेर यस्ता योजना सञ्चालन गर्न सक्छ भन्ने कुरामा शङ्का उत्पन्न भएको छ ।

डिसेम्बर २००३ मा एक जना वरिष्ठ युरोपेली कुटनीतिज्ञले आइसीजीसँग यस विषयमा कुराकानी गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो, "हतियारले माओवादीहरूलाई वार्ताको टेबुलमा ल्याउने एक हिस्साका रूपमा काम गर्ला । तर नागरिकहरूलाई हतियार दिने कामले खतरा मात्र निम्त्याउँछ । यो योजना कार्यान्वयन गर्दा यसबाट उत्पन्न हुन सक्ने खतराको चेतावनी दिँदादिँदै पनि शाही नेपाली सेनाले तराईका दुईओटा गाउँहरूमा यो योजना लागू गर्ने घोषणा गरेको छ जहाँका स्थानीय बासिन्दा माओवादीलाई 'धपाउन' सफल भएका छन् ।"[35]

काठमाडौँस्थित एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका एक जना अधिकारी यस्तो अवधारणा अघि सार्नुहुन्छ, "निश्चय नै जनतालाई हतियार बाँड्ने काम खतरनाक कदम हो । एकपटक जन्म पाएको यस्तो दस्तालाई विघटन गर्न सकिन्न ।"[36] यो योजनाका बारेमा प्रथमपटक थाहा पाउनेबित्तिकै एमनेस्टी इन्टरन्यासनलले नागरिकहरूलाई हतियार दिएर देशलाई थप युद्धतर्फ धकेल्ने काम गर्नुअघि त्यसबाट उत्पन्न हुन सक्ने परिणामहरूप्रति गम्भीर रूपले सोच्न अनुरोध गर्दै प्रधानमन्त्री थापालाई पत्र लेखेको थियो । एमनेस्टीले लेखेको पत्रमा यस्तो निष्कर्ष निकालिएको थियो – उपयुक्त निरीक्षण, तालिम र उत्तरदायित्व बहन गर्ने संयन्त्रको विकासबिना यस्ता लडाकू दस्ताहरू गठन भएमा उनीहरूले मानवाधिकार उल्लङ्घनका घटनाहरू निर्धक्कसँग बढाउनेछन् ।[37]

नेपालमा शान्ति सुरक्षाका बारेमा व्यक्त चिन्ता जायज छ । तर नागरिकलाई हतियार बाँडेर यो समस्याको समाधान हुँदैन । दाताहरूले नागरिकलाई हतियर बाँड्ने काम रोक्न नेपाल सरकारलाई सतर्क गराउनुपर्छ । शाही सेनाको समर्थन गर्ने सरकारहरू विशेष गरेर बेलायत, भारत र अमेरिकाले नेपाललाई आफ्ना जनताप्रति उत्तरदायी बन्न र आफूले वचनबद्धता प्रकट गरेका जेनेभा सन्धिअन्तर्गतका प्रावधानहरूको सम्मान गर्न दबाब दिनुपर्छ ।[38] सरकारले शान्तिसुरक्षा कायम राख्ने आफ्नो

---

34 १४ फेब्रुअरी २००४ मा काठमाडौँस्थित सँयुक्त राज्यको राजदूताबासद्वारा आइसीजीलाई पठाइएको वक्तव्य ।

35 आइसीजी अर्न्तवार्ता, काठमाडौँ, ७ डिसेम्बर २००३.

36 आइसीजी अर्न्तवार्ता, काठमाडौँ, नोभेम्बर २००३.

37 एम्नेष्टि इन्टरनेशनलले ११ नोभेम्बर २००३ मा जारी गरेको प्रेस विज्ञप्ति "Nepal: Civilians sucked into ongoing conflict", (ASA 31/072/2003).

38 जेनेभा सम्मेलनको कमन आर्टिकल ३ मा यस्तो प्रावधान छः
"हाइ कन्ट्रयाक्टिङ पार्टीको आफनो अधिनको सीमा भित्र सशस्त्र द्वन्द्व फैलिएमा द्वन्द्वमा संलग्न हरेक पक्षले कम्तिमा पनि निम्न प्रावधानहरू लागू गर्नुपर्छ :
(१) हतियार बिसाएका फौजी तथा विरामी परेर, घाइते भएर, बन्दी बनाइएर र अन्य कुनै कारणले गर्दा लडाइँ नलड्ने फौजी लगायत युद्धमा सक्रिय रूपले भाग नलिएका मानिसहरूलाई उनीहरू जुनसुकै जात, लिंग र रंगका भएपनि, जुनसुकै धर्माबलम्बी वा आस्था बोकेका, जहाँसुकै जन्मेका, धनी वा गरीब जे भएपनि वा अन्य कुनै पनि प्रकारका भेदभाव विना मानवीय व्यवहार गर्नुपर्छ । यस सन्दर्भमा जहाँका भएपनि निम्न काम गर्न पाइनेछैन :
(क) ज्यान खतरामा पार्नु विशेषगरी सबै खालको हत्या गर्नु, अंगभंग गर्नु, क्रुर व्यवहार गर्नु र यातना दिनु,
(ख) बन्धक बनाउनु,
(ग) व्यक्तिगत स्वाभिमान माथि आक्रमण गर्नु, विशेषगरी अपमानजनक व्यवहार गर्नु,
(घ) नागरिकले पाउनै पर्ने न्यायिक ग्यारेन्टी गरिएको नियमित अदालतले फैशला गरेको अवस्थामा बाहेक मृत्यदण्डको घोषणा र त्यसको कार्यान्वयन गर्नु,
(२) घाइतेहरूको उद्धार र उपचार गरिनेछ । रेडक्रस जस्ता तटस्थ संस्थाहरूले यस सम्बन्धमा द्वन्द्वरत पक्षलाई आफनो सेवा प्रदान गर्न सक्छन् ।
युद्धरत पक्षले विशेष व्यवस्था गरेर यस सन्धीका सबै वा केही प्रावधान लागू गराउन प्रयास गर्नुपर्छ ।
यी प्रावधानहरू लागू गर्दा युद्धरत पक्षको कानूनी अवस्थामा परिवर्तन आउनेछैन् ।"

दायित्वको केही अंश तालिम नपाएका त्यस्ता दस्तालाई ठेक्कामा दिनु हुँदैन जसलाई नियन्त्रण गर्न कठिन पर्छ ।[39]

यी उद्देश्य प्राप्त गर्न र दण्डहीनताको संस्कार जसले मानवाधिकार उल्लङ्घनलाई बढावा दिएको छ र नेपाली जनतालाई सरकारप्रति उदासीन बनाएको छ, को अन्त्य गर्न दाताहरूले सुरक्षा फौजमाथि नागरिक र न्यायालयको निगरानीलाई दरिलो बनाउनुपर्छ । त्यसका लागि निम्न नीतिहरू अपनाउनु आवश्यक छ :

- सुरक्षा फौजलाई मानवाधिकार शिक्षा प्रदान गर्नु,
- सुरक्षा फौजमाथि नागरिक समाजको अनुगमन बढाउनु, नागरिक निगरानीको संरचना फराकिलो पार्नु,
- इन्टरन्यासनल कमिटि अफ रेडक्रस (आइसीआरसी) को पहुँचलाई सरल बनाउनु,
- सुरक्षा फौजलाई जवाफदेही बनाउनाका लागि राजनीतिक र फौजी नेतृत्वमाथि दबाब, र
- युद्धरत दुवै पक्षबाट भएका मानवाधिकारको उल्लङ्घनको लेखाजोखा गर्नका लागि राष्ट्रसङ्घीय विशेषज्ञ बोलाउने नेपाल राष्ट्रिय मानवाधिकार आयोगको आह्वानलाई समर्थन ।[40]

**काठमाडौँ/ब्रसेल्स, १७ फेब्रुअरी २००४**

---

[39] राष्ट्र संघको मानवाधिकार प्रस्ताव १९९४/६७ ले यस्तो बल निर्माणका लागि केही मापदण्ड तोकेर निम्न कुरा सिफारिस गरेको छ: "(क) नागरिक दस्ता आत्मरक्षाका काममा मात्र प्रयोग हुनेछ । (ख) तिनमा कसैलाई जबरजस्ती भर्ना गराइनेछैन् र तिनीहरूलाई सार्वजनिक निकायले नियन्त्रण गर्नेछ । (ग) सार्वजनिक निकायले तिनलाई तालिम दिने, हतियार दिने, अनुशासित राख्ने र तिनको सञ्चालनका कामको अनुगमन गर्नेछ । (घ) कमाण्डरलाई स्पष्ट जिम्मेवारी दिइएको हुनेछ । (ङ) कमाण्डर र नागरिक आत्मरक्षा दस्ता आफना कामका लागि जवाफदेही हुनेछन् । (च) यस्ता दस्ताले मानवाधिकार उल्लंघन गरेमा उनीहरूमाथि नागरिक अदालतमा कारबाही चलाइनेछ ।" निश्चयनै पनि, माओवादीले पनि जेनेभा सन्धीको पालना गर्नुपर्छ । होइन भने उसले भविष्यमा युद्ध अपराधीका रूपमा हुने कारबाहीको खतरा मोल्नुपर्छ ।

[40] थप जानकारीका लागि एम्नेष्टि इन्टरन्यासनलले २० नोभेम्बर २००३ मा जारी गरेको Nepal: "Escalating reports of human rights violations must be examined by United Nations experts" हेर्नुहोला जसको वेभसाइट ठेगाना यस्तो छ– http://web.amnesty.org/library/ index/engasa310832003.